# खोप लगाएबापत् रकम भुक्तानीबारे मार्गदर्शन

## तपाईंको बच्चाको खोपको रकम भुक्तानी

सबै बच्चाहरूलाई खोपको सुविधा उपलब्ध गराइएको छ। योग्य भएमा, मूल हवाइयन स्वास्थ्य केन्द्र र भारतीय स्वास्थ्य सेवा (IHS) ले रोग रोकथामका सेवाहरू प्रदान गर्दछन्। हुन त CDC ले सिफारिस गरेका खोप र संघीय क्वालिफाइड स्वास्थ्य केन्द्र (FQHC) वा ग्रामीण स्वास्थ्य क्लिनिक (RHC) मा बच्चाहरूलाई खोप (VFC) कार्यक्रम प्रदायकमार्फत दिइने COVID-19 को खोप निशुल्क छ, तैपनि तपाईंको डाक्टरले जाँचको शुल्क लिन सक्छ।[1] CDC ले नियमित रूपमा सिफारिस गरेका बच्चाहरूका खोपहरू खोप निःशुल्क हुनुपर्छ।*

*फ्लु र अन्य खोपहरू तपाईंको स्वास्थ्य बीमाले कुनै कोपेमेन्ट वा कोइन्श्योरेन्सको शुल्क नलगाइकनै कभर गरिएका हुनुपर्छ।[2] यदि तपाई VFC खोपहरूको व्यवस्थापकीय शुल्क तिर्न सक्नुहुन्न भने तपाईं आफू तिर्न असमर्थ भएको कुरा बताउन सक्नुहुन्छ अनि तपाईंबाट शुल्क लिइने छैन।

## वयस्कका खोपको रकम भुक्तानी

- **निजी स्वास्थ्य बीमा**
  - कानुनअनुसार, सिफारिस गरिएका खोपहरू तपाईंबाट कुनै शुल्क नलिइकन तपाईंको बीमा कम्पनीद्वारा कभर गरिएका हुनुपर्छ। तपाईंका खोपहरू - डाक्टरको अफिस वा कुनै खास फार्मेसी जस्तो कुन ठाउँमा शुल्करहित तरिकाले कभर गरिएका छन् भनी सोध्न आफ्नो बीमा कम्पनीलाई सम्पर्क गर्नुहोस्।
- **मेडिकेड**
  - धेरैजसो राज्यका मेडिकेड योजनाहरूले कम्तीमा पनि केही वयस्क खोपहलाई कभर गर्दछन्, तर केहीले CDC द्वारा सिफारिस गरिएका भ्याक्सिनहरू सित्तैमा प्रदान नगर्न सक्छन्।
  - तपाईंलाई चाहिएको खोप सित्तैमा छ वा तपाईंले कोपे, कोइन्श्योरेन्स वा खोप व्यवस्थापन शुल्क (अर्थात् दिइने हरेक खोपको शुल्क) पनि तिर्नुपर्छ भन्नेबारे जान्न आफ्नो राज्यको मेडिकेड एजेन्सीलाई सम्पर्क गर्नुहोस्। साथै, एजेन्सीलाई कभर गरिनका लागि उक्त खोप अनिवार्य रूपमा कुनै निश्चित डाक्टर, फार्मासिस्ट वा अन्य स्वास्थ्य सेवा प्रदायकद्वारा दिइनुपर्छ कि पर्दैन भन्ने कुरा पनि सोध्नुहोस्।
- **मेडिकेयर**
  - मेडिकेयरले भाग B (मेडिकल बीमा) अन्तर्गत कुनै पनि शुल्कबिना फ्लु र न्युमोकोक्कलका खोपहरू कभर गर्दछ।
  - मेडिकेयरको भाग D का योजनाहरूले बिरामीबाट थोरै खर्चमा वा कुनै शुल्क नलिइकन कभर गर्दछन्। थप जानकारीका लागि आफ्नो भाग D योजना प्रदायकलाई कल गर्नुहोस्।
- **कुनै पनि स्वास्थ्य बीमा छैन**
  - तपाईंले सम्भवतः डाक्टरको अफिस, स्वास्थ्य क्लिनिक वा फार्मेसीमा खोपको पूरा खर्च र कुनै अफिसको कोपे, कोइन्श्योरेन्स र/वा खोप व्यवस्थापन शुल्क जस्तो कुनै पनि सम्बन्धित शुल्क (अर्थात् दिइने हरेक खोपको शुल्क) तिर्नु पर्नेछ।

## यदि म खोको पैसा तिर्न नसक्ने भए के गर्ने?

- यदि तपाईंसँग आफूलाई चाहिने खोपहरू किन्ने पैसा छैन भने तपाईं आफ्नो राज्यको वा स्थानीय स्वास्थ्य विभागलाई सम्पर्क गरेर उनीहरुलाई सित्तैमा वा कम लागतमा वयस्कहरूलाई खोप प्रदान गर्ने कुनै राज्य सरकारको कार्यक्रमको बारेमा थाहा छ कि छैन भनी सोध्न सक्नुहुन्छ। तपाईं आफ्नो क्षेत्रका FQHC, RHC, भारतीय स्वास्थ्य सेवा केन्द्र वा मूल हवाइयन स्वास्थ्य केन्द्रले पनि कम लागतमा खोपहरू प्रदान गर्छन् कि गर्दैनन् भनेर उनीहरूलाई सम्पर्क गर्न वा 1-800-CDC-INFO (1-800-232-4636) मा CDC लाई कल गर्न पनि सक्नुहुन्छ। तपाईंलाई खोपहरू दिनका लागि क्लिनिकहरूले तपाईंलाई बिरामीको रूपमा दर्ता गर्न लगाउन पनि सक्छन्।

थप जानकारीका लागि यहाँ जानुहोस्:

www.aa-nhpihealthresponse.org/ र www.vaccinateyourfamily.org/questions-about-vaccines/

*This publication was made possible by cooperative agreement CDC-RFA-IP21-2106 from the Centers for Disease Control and Prevention of the U.S. Department of Health and Human Services (HHS). Its contents are solely the responsibility of the authors and do not necessarily represent the official views of CDC/HHS.*

[1] https://www.cdc.gov/vaccines/hcp/vis/vis-statements/flu.html
[2] https://www.hhs.gov/answers/affordable-care-act/will-the-aca-cover-my-flu-shot/index.html

# फ्लुको खोप लगाउनेबारे मार्गदर्शन

## इन्फ्लुएन्जा भनेको के हो?

सामान्यतया “फ्लु” को रूपमा पनि चिनिने इन्फ्लुएन्जा एउटा संक्रामक रोग हो जुन संयुक्त राज्य अमेरिकामा सामान्यतया अक्टोबरदेखि मेको बीचमा फैलिने गर्दछ। फ्लु जोसुकैलाई हुनसक्छ, तर यो शिशु र साना बच्चा, 65 वर्ष वा सोभन्दा माथिका मानिस, गर्भवती महिला र कुनै बिरामी अवस्था तथा कमजोर रोग प्रतिरोधक क्षमता भएका मानिस जस्ता नाजुक व्यक्तिहरूका लागि अझ खतरनाक हुन्छ।

## खोप किन लगाउने?

हरेक वर्ष संयुक्त राज्य अमेरिकामा हजारौँ मानिसको फ्लुबाट मृत्यु हुने गर्दछ र अरु थुप्रै मानिसहरू अस्पतालमा भर्ना हुन्छन्। फ्लुको खोपले हरेक वर्ष लाखौँ बिमारीहरू तथा फ्लुको सम्बन्धमा डाक्टरकहाँ जँचाउनुपर्ने समस्याको रोकथाम गर्दछ।

## कसलाई खोप लगाइनुपर्छ?

सबै जनाले फ्लुको खोप लगाउनुपर्छ। रोग नियन्त्रण र रोकथाम केन्द्र (CDC) ले हरेक 6 महिना र सोभन्दा बढी उमेरका सबै जनालाई हरेक फ्लुको सिजनमा खोप लगाउन सिफारिस गर्दछ।

## के म COVID-19 खोपसँगै अरु खोप पनि लिन सक्छु?

- COVID-19 का खोप र अन्य खोपहरू अब कुनै समयतालिकाबिनै दिन मिल्छ। यसमा सोही दिनमा वा 14 दिनभित्रमा सँगसँगै COVID-19 खोप तथा अन्य खोपहरू दिन मिल्ने कुराहरू समावेश छन्।[3]

## के फ्लुको खोपले गर्दा मलाई फ्लु हुन सक्छ?

- होइन, फ्लुका खोपहरूले गर्दा तपाईंलाई फ्लुको बिमारी हुँदैन।

थप जानकारीका लागि यहाँ जानुहोस्:

www.aa-nhpihealthresponse.org/ र www.vaccinateyourfamily.org/questions-about-vaccines/

*This publication was made possible by cooperative agreement CDC-RFA-IP21-2106 from the Centers for Disease Control and Prevention of the U.S. Department of Health and Human Services (HHS). Its contents are solely the responsibility of the authors and do not necessarily represent the official views of CDC/HHS.*

[3] रोग नियन्त्रण तथा रोकथाम केन्द्र। (2021, जुलाई 16)। *कोभिड-19 को खोप को उपयोगका लागि अन्तरिम क्लिनिकल विचार*। रोग नियन्त्रण तथा रोकथाम केन्द्र। https://www.cdc.gov/vaccines/covid-19/clinical-considerations/covid-19-vaccines-us.html?CDC_AA_refVal=https%3A%2F%2Fwww.cdc.gov%2Fvaccines%2Fcovid-19%2Finfo-by-product%2Fclinical-considerations.html#Coadministration.